विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०१/२४ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गत कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा। | गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | विभिन्न कर सङ्कलन एवम् सटरकवल बहालमा लगाउन ठेक्का व्यवस्थापनका लागि न्यूनतम ठेक्का अङ्क कायम गर्ने सम्बन्धमा। | (क) महानगरपलिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गत आ.व. २०८२/०८३ को जडिबुटी, कवाडी र जीवजन्तु कर सङ्कलनका लागि आय ठेक्का बन्दोबस्त गर्न स्थानीय राजस्व परामर्श समितिको सिफारिस बमोजिम वार्षिक रु.५४,५९,४००।० (कर बाहेक) न्यूनतम ठेक्का अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) स्थानीय पूर्वाधार (सडक) सेवा शुल्क (हाटखोला, पुष्पलाल चोक, भीमपथ, जामुनगाछी, बजरङ्गबली, राधाकृष्ण मार्ग र जतुवा कर चौकी गरी एकमुष्ट) सङ्कलनका लागि ठेक्का बन्दोबस्त गर्न रु.६३,०१,२६१।० (कर बाहेक) न्यूनतम ठेक्का अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) विराटनगर महानगरपालिका, १ नं. वडा कार्यालयको नवनिर्मित कार्यालय भवनको भुइँतलामा रहेको दुई वटा सटर/कवल कोठाहरू बहालमा लगाउनका लागि स्थानीय राजस्व परामर्श समितिको सिफारिस अनुसार उक्त कोठाहरूमध्ये ३१६.२५ वर्गफिट क्षेत्रफलको कोठाको रु.१२,६५०।० (कर बाहेक) र ३४६.४२ वर्गफिट क्षेत्रफलको कोठाको रु.१३,८९६।० (कर बाहेक) न्यूनतम बहाल रकम कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विभिन्न कार्यविधि/निर्देशिका/मापदण्ड तथा कार्ययोजना स्वीकृति सम्बन्धमा। | महानगरपालिकाको सेवा प्रवाहका लागि आवश्यक भई सम्बन्धित विषयगत समिति एवम् विधेयक समितिको सिफारिस सहित पेश भएका देहायका कार्यविधिहरू नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्वीकृत गरी लागु गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>१. विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८२<br>२. विपद् प्रभावितहरूको उद्दार र राहत सम्बन्धी मापदण्ड, २०८२<br>३. महानगर विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०७६-२०८७)<br>४. अनुसन्धान तथा शोधवृत्ति कार्यक्रम कार्यविधि, २०८२<br>५. वृत्ति मार्गनिर्देशन सेवा इकाइ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ |
| ४ | योजनाहरूको अपुग बजेट सुनिश्चितता सम्बन्धमा। | आ.व. २०८१/०८२ को स्वीकृत योजना तथा कार्यक्रमहरूका लागि विनियोजित रकम लागत अनुमान अनुसार अपुग हुने भएको र महत्वपूर्ण योजनाहरू कार्यान्वयन गर्न अत्यावश्यक भएकाले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी **अनुसूची-१** मा उल्लिखित योजनाहरूलाई बहुवर्षीय योजना कायम गरेर कार्यान्वयन गर्ने एवम् चालु आ.व.मा विनियोजन नभएका अत्यावश्यक योजनाहरूका लागि विराटनगर स्वागतद्वार निर्माण शीर्षक (बजेट किताबको पाना नं. १७२, क्र.सं. ३३) मा विनियोजित रु.२,००,००,०००।- र डि-प्लटमा व्यापारिक भवन निर्माण शीर्षक (पाना नं. १७६, क्र.सं. ११२) मा विनियोजित रु.१,००,००,०००।- रकमबाट आवश्यक बजेट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| ५ | विविध। | (क) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट् बमोजिम 2WD Hardtop Jeep, 4WD Hardtop Jeep, Backhoe Loader र Aerial Lift Platform Vehicle सवारीसाधन खरिदका लागि कार्यालयबाट मिति २०८१/१२/३१ मा सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरेकोमा बजेट तथा कार्यक्रमको Heavy Equipment Vehicle खरिद शीर्षकमा विनियोजित बजेटको स्रोत आन्तरिक राजस्व र राजस्व बाडफाँट (प्रदेश/स्थानीय सरकार) रहेको र उक्त स्रोततर्फ प्रक्षेपण गरेको आयको तुलनामा हालसम्मको यथार्थ आय क्रमशः ३४% र ३८.८८% मात्र भएको हुँदा लक्ष्य अनुरुप आय आर्जन हुनसक्ने नदेखिएकोले हाललाई Backhoe Loader र Aerial Lift Platform Vehicle खरिदको बोलपत्र रद्द गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिका, १ नं. वडा कार्यालयको कार्यालय भवन निर्माण कार्य (ठेक्का नं. BMC/MOR/NCB/W-135/2079/080) को लागि नियमानुसार छनोट भएको निर्माण व्यवसायी श्री विराट कालीमाई कन्स्ट्रक्सन प्रा.लि., कोटेश्वर, काठमाडौंले खरिद सम्झौतामा तोकिएको अवधिभन्दा ८३ दिन पहिले नै कार्यसम्पन्न गरेकोले सार्वजनिक खरिद नियमावलीको दफा १२६ मा भएको व्यवस्था एवम् खरिद सम्झौता बमोजिम प्राविधिक प्रतिवेदन/सिफारिसका आधारमा उक्त निर्माण व्यवसायीलाई जम्मा रु.९,५०,६११।७२ (कर बाहेक) पुरस्कार रकम (Bonus) दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत निर्माण कार्य भइरहेको विराटनगर १२ स्थित यादव सेवा समिति स्थलमा कम्पाउन्ड वाल, गेट निर्माण र माटो पुर्ने योजनाको जग्गाको साँध/सिमाना विवाद लगायतका कारण निर्माण कार्य रोक्का भई निर्माण सम्झौतामा तोकिएको अवधि मिति २०८१/१२/३१ भित्र कार्यसम्पन्न हुन नसकेकोले एकपटकका लागि सम्वत् २०८२ साल जेठ मसान्तसम्म म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) वडा समितिको निर्णय सहित ६ नं. वडा कार्यालयले नगर सभाको चौधौं र पन्ध्रौं अधिवेशन (संशोधित) बाट स्वीकृत वडास्तरीय योजना अन्तर्गत शिक्षा सदन मा.वि.का लागि विनियोजित बजेट तथा कार्यक्रम उक्त विद्यालयमा विवाद उत्पन्न भई कार्यान्वयन हुन नसक्ने भनी संशोधन एवम् रकमान्तरका लागि सिफारिस गरे बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी देहाय अनुसार बजेट तथा कार्यक्रम संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|

| क्र. सं. | साविकको योजना/कार्यक्रम | संशोधन भई कायम हुने योजना/कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा सदन मा.वि.मा एल.इ.डि. टिभि स्क्रिन जडान : रु.१०,००,०००।- | (१) नारायण चौधरीको घरदेखि उत्तर जाने बाटो सुरज सहनीको घरसम्म आर.सि.सि. ढलाइ : रु.१०,००,०००।-<br>(२) झरना चोकमा छठ घाट निर्माण : रु.१०,००,०००।-<br>(३) वडाका विभिन्न ठाउँहरूमा ग्राभेलका लागि : रु.१,००,०००।- | नगर सभाको पन्ध्रौं अधिवेशनबाट संशोधित |
| २ | शिक्षा सदन मा.वि.मा सिसिटिभि क्यामेरा जडान : रु.५,००,०००।- | | |
| ३ | शिक्षा सदन मा.वि.मा सटर निर्माण : रु.१,००,०००।- | | |
| ४ | शिक्षा सदन मा.वि. रङरोगन र माटो पुर्ने : रु.५,००,०००।- | | नगर सभाको चौधौं अधिवेशनबाट स्वीकृत (पाना नं. १२१, सि.नं.३१८) |

(ङ) नेपाल सरकार, तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ का लागि तराई-मधेश समृद्धि कार्यक्रम निर्देशिका, २०८१ को दफा ५ मा उल्लिखित लागत साझेदारी ब्यहोर्नेगरी देहायका आयोजना/कार्यक्रमहरू माग प्रस्ताव गर्ने सर्वसम्मतिले निर्णय गरियो।

१. मावनसेवा भवन निर्माण, विराटनगर ५
२. खारजी पश्चिम पुलचोकदेखि रिङरोड र ज्वाला टोल हुँदै केशलिया खोलासम्म नाला निर्माण, विराटनगर ४
३. ICP देखि रेलवे हुँदै सिङ्घिया खोलासम्म नाला निर्माण, विराटनगर १८/१४

(च) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा महिला लक्षित कार्यक्रम अन्तर्गत "महिलाको सिप तथा आर्थिक सशक्तिकरणका लागि अटो तथा सिटी रिक्सा (इ-रिक्सा) ड्राइभिङ र मर्मत तालिम साथै अनुदान कार्यक्रम प्रति व्यक्ति रु.१,००,०००" शीर्षकमा रु.११,००,०००।- विनियोजन भएकोमा गरिब, विपन्न तथा बेरोजगार महिलाहरूबाट अधिक मात्रामा अनुदान माग भइआएको र इ-रिक्साको खरिद मूल्य ब्यहोर्न कठिनाइ भएको भनी अनुदान हुने रकमको दरमा समेत थप हुन अनुरोध भइआएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी स्वास्थ्य विकास कार्यक्रम अन्तर्गत "रानी अस्पताल र बैजनाथपुर अस्पतालको लागि विशेषज्ञ जनशक्ति व्यवस्थापन" शीर्षकमा विनियोजित रकमबाट रु.१५,००,०००।- थप रकम व्यवस्था गर्ने एवम् अनुदान रकमको दर रु.१,१९,०००।- कायम गर्ने, साथै सोका लागि आसमान नेपालबाट प्राप्त रु.५,००,०००।- रकम समेत खर्च गर्ने र उल्लिखित कार्यक्रम अन्तर्गत जम्मा छब्बिस जनालाई अनुदानमा इ-रिक्सा उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

अधिकृत आठौं

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | अधिकृत आठौं | (छ) सम्मानित उच्च अदालत, विराटनगरबाट दैनिक कार्यालय सञ्चालन गर्न सहजताका लागि इन्भर्टर ब्याट्री माग भइआएको हुँदा सो व्यवस्थापन गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रमको शैक्षिक विकास कार्यक्रम अन्तर्गत नगर शिक्षा नीति निर्माण (बजेट किताबको पाना नं. ४६, सि.नं. १३८) शीर्षकमा विनियोजित रकमबाट रु.१०,००,०००।- व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ज) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०६/०४ मा बसेको बैठकबाट निर्णय भए बमोजिम हाल वडा कार्यालयबाट सञ्चालन हुने रु.२० लाखसम्मका वडास्तरीय आयोजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्णपोषण दिने एवम् फरफारकका लागि सिफारिस गर्ने कार्य वडास्तरमा गठन भएको योजना अनुगमन तथा सुपरीवेक्षण समितिमार्फत भइरहेकोमा उल्लिखित समितिका सदस्यहरू अनुपस्थित रहने अवस्था भएमा समितिका संयोजक, सदस्यसचिव र कार्यालयले तोकेको इन्जिनियर सदस्य अनिवार्य हुनेगरी अन्य सदस्यहरूको हकमा समितिका जम्मा पदाधिकारी संख्याको बहुमत सदस्य संख्या उपस्थित भएमा बहुमतबाट भएको निर्णय मान्य हुने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

## अनुसूची-१

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठक संख्या ९-२०८१/०८२ निर्णय नं. ४ सँग सम्बन्धित)*

**बहुवर्षीय योजना कायम गरेर कार्यान्वयन गर्नेगरी स्रोत सुनिश्चित गरिएका योजनाहरुको विवरण:-**

| क्र.सं. | योजनाको नाम | वडा नं. | आ.व.२०८१/०८२ मा विनियोजित रकम रु. | आ.व.२०८१/०८२ मा विनियोजन गर्ने रकम रु. | लागत अनुमान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खोरिया टोलको बाटोमा स्ल्याव कलभर्ट निर्माण | १९ | २५००००० | ० | ३०९७४९५.९२ | पाना नं.१८०/सि.नं.१८५ |
| २ | नयाँ वडा कार्यालयदेखि पानी निकासका लागि आर.सि.सि.नाला, कलभर्ट, स्ल्याव निर्माण | ४ | १०००००००० | ० | ३५०२६१७२.९३ | पाना नं.१७२/सि.नं.३४ |
| ३ | वडा नं. १ र ३ स्थित नहरको बाटोमा पिच तथा रिटेनिङ वाल निर्माण | १ र ३ | १०००००००० | ० | ४०५६७६६५.५६ | पाना नं.१७१/सि.नं.७ (नगरमा बाटो निर्माण तथा सौन्दर्यकरण) |
| ४ | वडा नं. ५ र ६ मा पर्ने जामुनगाछी हुलाकी सडकदेखि नहरको पश्चिमबाट केशलिया रोडसम्म रिटेनिङ्गवाल, नाला निर्माण तथा इन्टरलक पेवर्सको कार्य | ५ र ६ | १०००००००० | ० | ७९३६६५२४.७८ | पाना नं.१७४/सि.नं.७४ |
| ५ | रानी, बरगाछी र कञ्चनबारी खण्ड अन्तर्गतको नाला निर्माण कार्य | ३ | ४०००००० | ० | ७१२४३३५.२७ | पाना नं.१७१/सि.नं.१६ (डुबान निकासी समानान्तर नाला निर्माण) |
| ६ | राधाकृष्ण मन्दिरको रथ निर्माण कार्य | १ | २०००००० | ० | ४६१२३६५.८१ | मर्मत शिर्षकबाट रकम रु.२० लाख |
| ७ | ४ नं. वडा कार्यालय भवनमा कम्पाउण्ड वाल निर्माण र माटो फिलिङ कार्य | ४ | ० | ५०००००० | १९९९६५३.८४ | |
| ८ | हाम्रो चोक पूर्व जनता मार्गदेखि बेलगाछीसम्म कालोपत्रे सडक (प्रिमिक्स) र टिक ड्रेन निर्माण | १ | ० | ५०००००० | १३५७८९२.९९ | |
| ९ | लक्ष्मीनारायण मन्दिरको बाटो र ए.बि.सि.नेपालको कार्यालय दक्षिणपश्चिम सडकमा कलभर्ट, नाला, स्ल्याव, प्लमवाल, आर.सि.सि.रोड निर्माण र ब्लक समेतको कार्य | १२ | ० | ५०००००० | १८३६५४६३.७७ | |
| १० | हड्ताली हाट पूर्व बजरंगबली मन्दिर जाने बाटोमा अस्फाल्ट पिच निर्माण, कर्बस्टोन, टिक ड्रेन र Thermoplastic Paint को कार्य | १५ | ० | ५०००००० | ६७०२२७२.४८ | |
| ११ | प्रतिभा मार्गमा रिटेनिङ्गवाल, कलभर्ट निर्माण तथा आर.सि.सि.ढलान कार्य | ४ | ० | ५०००००० | १९९९०५०.७८ | |
| | जम्मा | | ३८५००००० | २५०००००० | ३०४२४३३३.८६ | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

७ आंशकृत आठौं